# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १२] काठमाडौं, माघ २३ गते २०१९ साल [अतिरिक्ताङ्क ३५


श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

**श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

२०१९ सालको ऐन नं. ४२,

**स्वस्तिश्री** गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान **मानोन्नत महेन्द्रमाला** ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय **नेपालश्रीपद प्रोज्ज्वल** नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-**दक्षिणबाहु** महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज **महेन्द्र वीर विक्रम शाहदेव** देवानाम् सदा समरविजयिनाम् ।

### राष्ट्रिय पञ्चायतमा वर्गीय र व्यावसायिक संगठनको प्रतिनिधित्व हुने व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः**—वर्गीय र व्यावसायिक संगठनहरूबाट राष्ट्रिय पञ्चायतको निमित्त सदस्य निर्वाचन **गर्ने कामको** व्यवस्था गर्न वाञ्छनीय भएकोले,

**श्री ५** महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ९३ **अनुसार यो ऐन बनाइबक्सेको छ ।**




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद- १

### प्रारम्भिक कथन

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः–(१) यस ऐनको नाम "राष्ट्रिय पञ्चायत (वर्गीय र व्यावसायिक संगठन प्रतिनिधित्व) ऐन, २०१९" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः–विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "संगठन" भन्नाले नेपालको संविधानको अनुसूची ५ मा उल्लिखित वर्गीय व्यावसायिक संगठन सम्झनु पर्छ ।

(ख) "निर्वाचन" भन्नाले सम्बन्धित संगठनको निमित्त नेपालको संविधानको अनुसूची ५ मा तोकिएको संख्यामा राष्ट्रिय पञ्चायतको सदस्यताको निमित्त गरिने निर्वाचन सम्झनु पर्छ ।

(ग) "मतदाता" भन्नाले सम्बन्धित संगठनको विधान बमोजिमको केन्द्रीय परिषद्‌को सदस्य सम्झनु पर्छ ।

(घ) "उम्मेदवार" भन्नाले राष्ट्रिय पञ्चायतको सदस्यताको निमित्त खडा भएको सम्बन्धित संगठनको विधान बमोजिमको केन्द्रीय परिषद्‌को सदस्य सम्झनु पर्छ ।

(ङ) "उजूरवाला" भन्नाले निर्वाचनको निमित्त खडा भएको उम्मेदवार सम्झनु पर्छ ।

## परिच्छेद–२

### निर्वाचन अफिसरको नियुक्ति र निर्वाचनको सञ्चालन

३. निर्वाचन अफिसरको नियुक्तिः–(१) निर्वाचन हुनुभन्दा अगावै श्री ५ को सरकारले प्रत्येक संगठनको निमित्त एउटा निर्वाचन अफिसर नियुक्त गर्नेछ ।

(२) निर्वाचन सम्बन्धी काममा मद्दतको निमित्त निर्वाचन अफिसरले आवश्यकतानुसार रिटर्निङ्ग अफिसर, पोलिङ्ग अफिसर वा अरु कुनै अफिसर खटाउन सक्नेछ । त्यसरी खटाइएको अफिसरलाई आफ्नो सबै वा केही अधिकार निजले सुम्पन सक्नेछ ।

४. निर्वाचनको साधारण सूचनाः–निर्वाचनको निमित्त निर्वाचन अफिसरले मिति, स्थान र समयको निर्णय गर्नेछ, र त्यस्तो निर्वाचनको सूचना सम्बन्धित मतदाताहरूको जानकारीको निमित्त प्रकाशित गरिनेछ ।

५. उम्मेदवारको लागि दरखास्त पत्रः–निर्वाचनमा कुनै उम्मेदवारलाई खडा गराउन कुनै पनि मतदाताले दफा ४ बमोजिमको सूचना प्रकाश भएको मितिदेखि निर्वाचन अफिसरले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तोकेको म्यादभित्र तोकिएको स्थानमा आफै वा अख्तियार प्राप्त वारेसद्वारा निर्वाचन अफिसरले तोकेको ढांचा बमोजिम प्रस्तावक, समर्थक र उम्मेदवारको स्वीकृतिसमेतको दरखास्तपत्र निर्वाचन अफिसरलाई दिनुपर्छ।

६. उम्मेदवारको निमित्त अयोग्यताः–देहायमा लेखिएको कुनै व्यक्ति उम्मेदवार हुन अयोग्य हुनेछः–

(क) नेपालको संविधान अनुसार राष्ट्रिय पञ्चायतको सदस्य हुन योग्य नभएको,

(ख) मगज बिग्रेको, लाटो वा वाक्य बन्द भएको,

(ग) नैतिक पतन देखिने अभियोगमा दोषी प्रमाणित भई सो बापत ६ महीनाभन्दा बढी कैदको सजाय भोगिसकेको मितिले ५ बर्ष मुक्तान नभएको,

(घ) टाट उल्टी साहूको दाम ासाहीमा परेको,

(ङ) सम्बन्धित संगठनको बैतनिक कर्मचारी।

७. उम्मेदवारले धरौट राख्नेः– (१) दफा ५ बमोजिम दरखास्तपत्र पेश गर्दा सो साथमा ने. रू. २००।– दुईसय धरौट राख्नुपर्नेछ।

(२) निर्वाचन अफिसर वा निजले तोकेको अफिसरले धरौट बुझेको रसीद दिनुपर्छ।

(३) अन्तिम सफल उम्मेदवारको घोषणा भएको मत गन्तीमा बांकी उम्मेदवारहरूमध्ये कसैले सफल हुनको निमित्त चाहिने आवश्यक मत संख्याको बधाल प्रतिशतभन्दा कम मत पाएमा उप–दफा (१) बमोजिम राखेको धरौट जफत हुनेछ।

८. रीतपूर्वकको दरखास्तपत्र दर्ता गर्नेः–दफा ५ बमोजिम पर्न आउने दरखास्तपत्र रीतपूर्वकको छ छैन हेरी रीत पुगेको लिनुपर्छ र रीत नपुगेकोमा जे जति रीत नपुगेको हो सो व्यहोरा सच्याउने मौका दिनुपर्छ। दरखास्तवालाले सच्याउन नचाहेमा त्यस्तो व्यहोरा सो दरखास्तपत्रमा जनाई राखिनेछ।

९. दरखास्तपत्रको जांच गर्नेः–दरखास्तपत्र दिने म्याद समाप्त भएपछि निर्वाचन अफिसरले उम्मेदवार वा निजको वारेस उपस्थित हुन चाहेमा उपस्थित हुने समय र स्थान तोकी निजको अगाडि दरखास्तपत्रमा दफा ५ र ८ बमोजिम रीत पुगे नपुगेको जांच गर्नेछ।

१०. नाम फिर्ता लिनेः–(१) उम्मेदवारले आफ्नो नाम फिर्ता लिन चाहेमा निर्वाचन अफिसरले तोकेको म्यादभित्र निजलाई लिखित सूचना दिई आफै वा आफ्नो वारेसद्वारा आफ्नो नाम फिर्ता लिन सक्नेछ र निजको धरौट पनि फिर्ता गरिनेछ।

(२) उप–दफा (१) बमोजिम नाम फिर्ता लिने सूचना दिसकेपछि सो सूचना फेरि फिर्ता लिन पाइने छैन।

११. उम्मेदवारको नाम प्रकाश गर्नेः– कुनै उम्मेदवारले दफा १० बमोजिम आफ्नो नाम फिर्ता लिइसकेपछि कायम हुन आएका उम्मेदवारहरूको फेहरिस्त तयार गरी प्रकाशित गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. निर्विरोध छानिनेः– (१) उम्मेदवारहरूको संख्या निर्वाचन गरिने स्थानको संख्याभन्दा बढी नभएमा वा कम भएमा निर्वाचनको काम गर्नुपर्नेछैन र निर्वाचन अफिसरले निज वा निजहरू निर्विरोध छानिएको भनी तुरुन्तै घोषणा गर्नुपर्छ ।

(२) उपदफा (१) बमोजिम आवश्यक संख्यामा उम्मेदवारहरू खडा नभएमा निर्वाचन अफिसरले नपुग उम्मेदवारको लागि निर्वाचन गर्ने सूचना दिई त्यसपछि नयाँ सिलसिलाबाट निर्वाचन गर्ने प्रबन्ध गर्नुपर्छ ।

## परिच्छेद–३

## निर्वाचनको काम

१३. मत लिने स्थान र समय निर्धारित गर्नेः– निर्वाचन अफिसरले मत लिने स्थान, मिति र समय ठेगान गर्नेछ र त्यसको सूचना प्रकाशित गरिनेछ ।

१४. मतदान पत्रः– मत दिन आउने प्रत्येक मतदातालाई निर्वाचन अफिसरले तोकको ढाँचा बमोजिमको उम्मेदवारको नामको केहरिस्तसमेत भएको मतदानपत्र दिइनेछ र सो मतदानपत्रमा निर्वाचन अफिसर वा खटिएको अफिसरको सही भएको हुनुपर्छ ।

१५. मत लिने स्थानमा प्रवेशः– मत लिने स्थानमा भीड वा गोलमाल हुन नपाउने गरी निर्वाचन अफिसर वा खटिएको अफिसरले मतदाताबाहेक अरू व्यक्तिलाई प्रवेश गर्न नदिन सक्नेछ ।

१६. समानुपातिक प्रतिनिधित्वको सिद्धान्त बमोजिम मत दिनेः– निर्वाचन समानुपातिक प्रतिनिधित्वको सिद्धान्त बमोजिम एक परिवर्तनीय मतको आधारमा गरिनेछ ।

१७. सामान्य बहुमतद्वारा निर्वाचन गर्न सकिनेः– दफा १६ मा जेसुकै लेखिएको भए तापनि एउटा स्थान मात्र रिक्त भएकोमा सामान्य बहुमतद्वारा गोप्य तरीकाले निर्वाचन गर्न सकिनेछ ।

१८. संकटकालमा काम स्थगित गर्नेः– (१) कुनै मतदान केन्द्रमा हूल दङ्गा भई मतदानको काममा बाधा अड्काउ भएमा वा कुनै प्राकृतिक विपद वा अरू कुनै कारणले गर्दा मत दिन असम्भव भएमा त्यस्तो मतदान केन्द्रमा निर्वाचन अफिसरले वा सो केन्द्रमा काम गर्न खटिएको अफिसरले सो दिन मतदानको काम स्थगित गरी सो कुरा खटिएको अफिसरले गरेको भए निर्वाचन अफिसर मार्फत र निर्वाचन अफिसरले गरेको भए सम्बन्धित विभागमा जाहेर गर्नेछ ।

(२) उप–दफा (१) बमोजिम स्थगित गरिएको मतदान केन्द्रको निर्वाचन गर्ने मिति र समय निर्वाचन अफिसरले सकभर चाँडो ठेगान गरी निर्वाचन सम्पन्न गर्नेछ ।

१९. ब्यालेटबक्स बिगारिएमा वा हराएमा पुनः निर्वाचन गर्नेः– (१) कुनै मतदान केन्द्रको निर्वाचनमा कुनै ब्यालेटबक्स निर्वाचन अफिसर वा खटिएका अफिसरको जिम्माबाट गैरकानूनी तवरबाट लुटिएमा वा खोसिएमा वा कुनै गैरकानूनी तरीकाले खोलिएमा,

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

बिगारिएमा, फोरिएमा वा दुर्घटना वश वा जानी जानी नाश गरिएमा अथवा हराइएमा सो व्यालेटबक्स जुन मतदान केन्द्रको हो सो केन्द्रमा भएको निर्वाचन बदर हुनेछ र सो स्थानमा फेरि निर्वाचन गर्ने काम गर्नुपर्छ ।

(२) उप–दफा (१) अनुसार कुनै मतदान केन्द्रमा भएको निर्वाचन बदर गर्नुपर्ने अवस्था पर्दा निर्वाचन अफिसरले सो बदर गरी सम्बन्धित विभागमा सो व्यहोराको रिपोर्ट पेश गर्नुपर्दछ, र सो मतदान केन्द्रमा अर्को निर्वाचन गर्ने मिति र समय सकभर चांडो निर्वाचन अफिसरले ठेगान गरी निर्वाचन सम्पन्न गर्नेछ ।

२०. मतदानपत्र दिनु अगावै पुऱ्याउने तरीकाः– कुनै पनि मतदाता मतदान दिने स्थानभित्र पसेपछि खटिएको अफिसरले मतदानको आवश्यक जांचबुझ गरी निजको सही गराई मतदानपत्र दिनुपर्छ ।

२१. अन्धा वा असक्त मतदाताले मत दिनेः– (१) कुनै अन्धा वा असक्त मतदाताले आफ्नो मतदानपत्र दिन नसक्ने भएमा निजले आफूसंग पत्यार लायक अरू कुनै व्यक्तिलाई समेत साथ लैजान्छु भनेमा एकैसाथ प्रवेश गर्न दिनु हुन्छ ।

तर निर्वाचन अफिसर वा खटिएको अफिसरले आवश्यक देखेमा त्यस्तो साथमा लगेको व्यक्तिलाई प्रवेश गर्न नदिन पनि सक्छ ।

२२. व्यालेटबक्स बन्द गर्नेः– (१) मत लिने काम सकिएपछि खटिएको अफिसरले उपस्थित उम्मेदवार वा निजको वारेसको सामुन्ने व्यालेट बक्सको मतदानपत्र छिराउने प्वाल बन्द गर्नुपर्दछ र बन्द गरेको प्वाल नफोडी खोल्न नहुने गरी जहां छाप लगाउनुपर्ने हो आफ्नो र उम्मेदवार वा निजको वारेसले चाहेमा निजहरूको पनि छाप लगाउनु पर्छ ।

(२) खटिएको अफिसरले मतदानपत्र दिंदा प्रयोग गरेको मतदाताको नामावली, खारेज गरिएको मतदानपत्रहरू तथा निर्वाचन अफिसरले फिर्ता दाखिल गर्न निर्देशन गरेको अरू कागज छुट्टै खाममा बन्द गरी त्यसमा आपनो र उम्मेदवार वा निजको वारेसले चाहेमा निजको पनि लाहाछाप लगाउनु पर्छ ।

२३. मतदानको फांट तयार गर्नेः– मत लिने काम सकिएपछि खटिएको अफिसरले निर्वाचन अफिसरले तोके बमोजिमको ढांचामा मतदानको फांट तयार गर्नुपर्छ ।

२४. निर्वाचन अफिसरलाई बुझाउनेः–(१) खटिएको अफिसरले दफा २२ बमोजिमको व्यालेटबक्सहरू, र अरू कागजपत्र रहेको खामहरू दफा २३ बमोजिमको फांटसहित सकभर चांडो निर्वाचन अफिसरलाई निजले तोकेको ठाउं र समयमा बुझाउनुपर्दछ ।

(२) उप–दफा (१) बमोजिम प्राप्त बक्सहरू, कागजातहरू र मतगन्तीसमेत निर्वाचनको काम समाप्त नभएसम्म हिफाजतसाथ राख्नुपर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–४

### मत गन्ती

२५. मत गन्तीको दिन र स्थान तोक्नेः– (१) मतदान लिने काम समाप्त भएपछि निर्वाचन अफिसरले मत गन्ती गर्ने मिति, स्थान र समय तोक्नुपर्छ सरोकारवाला उम्मेदवारलाई वा निजको वारेसलाई सो कुराको सूचना दिनुपर्छ ।

(२) उप–दफा (१) बमोजिम तोकेको मितिमा कुनै विशेष कारणले मत गन्ती गर्न नसक्ने भएमा निर्वाचन अफिसरले त्यसै दिन सो काम स्थगित गरी सो काम गर्न अर्को मिति, समय र जरूरत परे अर्को स्थान तोकी उम्मेदवार वा निजको वारेसलाई सूचना दिनुपर्छ ।

२६. उपस्थित हुन पाउने व्यक्तिहरूः– (१) मत गन्ती गर्ने ठाउंमा निर्वाचन अफिसरलै आफूलाई मद्दत गर्न खटाएको व्यक्तिहरू, खटिएको सरकारी कर्मचारीहरू, उम्मेदवार र निजको एकजना वारेस बस्न पाउनेछन् । सोदेखि बाहेकका अरू व्यक्तिलाई बस्न दिनु हुंदैन ।

(२) निर्वाचन अफिसरले मत गन्ती गर्ने काममा कुनै उम्मेदवारतर्फबाट निर्वाचन सम्बन्धी कुनै काम गर्ने व्यक्तिको मद्दत लिनु हुंदैन ।

(३) मत गन्ती गर्ने काममा बाधा दिने व्यक्तिलाई निर्वाचन अफिसरलै सो व्यक्तिलाई मत गन्ती गर्ने ठाउंबाट बाहिर निकाल्न सक्नेछ ।

२७. लगातार मत गन्ती गर्नेः– निर्वाचन अफिसरले मत गन्ती गर्ने काम सकेसम्म लगातार जारी राखी सिध्याउनु पर्छ । कुनै कारणले मत गन्ती गर्ने काम बीचमा रोक्नुपरेमा निर्वाचन अफिसरले मतदानपत्रहरू, व्यालेटबक्सहरू र निर्वाचन सम्बन्धी अरू कागजात बन्द गरी आफ्नो र उम्मेदवार वा निजको वारेसले चाहेमा निजको समेत लाहाछाप लगाई हिफाजतसाथ राख्नुपर्छ ।

२८. मत बराबर भएमा गर्नेः–दुई वा दुईभन्दा बढी उम्मेदवारहरूले बराबर मत पाएमा निजहरूलाई निर्वाचन अफिसरले गोला प्रथाद्वारा निर्णय गर्नेछ र विजयी हुने उम्मेदवारको परिणाम घोषणा गर्नुपर्छ ।

२९. निर्वाचन सम्बन्धी कागजातः–(१) निर्वाचन सम्बन्धमा प्रयोग भएका कागजपत्रहरूमध्ये निर्वाचन अफिसरको जिम्मामा रहेको सदर वा बदर गरिएका मतदानपत्रको बन्दी खाम तथा मतदाताले पाएको मतदानपत्र जनाएको बन्दीखाम ट्राइबुनलको आदेश विना खोल्नु र सोभित्रको कागज कसैले हेर्न हुंदैन ।

(२) निर्वाचन सम्बन्धी अरू कागजपत्रहरू ट्राइबुनलले तोकेको दस्तूर तिरी हेर्न वा लिन सकिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उप–दफा (१) मा उल्लिखित बन्दी खामहरू तथा अरू सम्बन्धित कागज-पत्रहरू नसडाई १ वर्षसम्म सुरक्षित राख्नुपर्छ ।

## परिच्छेद–५

### निर्वाचन सम्बन्धी झगडा

३०. उजूरवालाले दावी गर्न पाउने कुराहरूः–यस ऐन बमोजिम गर्नुपर्ने केही काम नगरी वा गर्न नहुने केही काम गरी अथवा अनधिकृत वा अयोग्य व्यक्तिले केही काम गरी त्यसबाट उजूरवालालाई केही वास्तविक क्षति सहनु पर्ने भयो भन्ने लागेमा निजले आफूलाई क्षति सहनु पर्ने कुरा र कारण उल्लेख गरी निर्वाचनको परिणाम घोषणा भएको तीस दिनभित्र देहाय बमोजिम सम्बन्धित निर्वाचन अफिसर छेउ दावी गर्न सक्दछः–

(क) कुनै निर्वाचित उम्मेदवारको निर्वाचन रद्द वा गैरकानूनी ठहर्छ भनी, वा

(ख) निर्वाचित उम्मेदवारको निर्वाचन रद्द वा गैरकानूनी ठहर्छ र निज उजूरवाला वा अरू कुनै उम्मेदवार उचित तवरले निर्वाचित भएको हो भनी,वा

(ग) निर्वाचित उम्मेदवारको निर्वाचन रद्द वा गैरकानूनी ठहर्छ र सो निर्वाचनमा गैरकानूनी काम गर्ने व्यक्तिलाई उचित दण्ड होस् भनी ।

३१. उजूरीपत्र खारेज हुने अवस्थाः–उजूरीपत्रमा पुऱ्याउनुपर्ने रीत नपुऱ्याइएको तथा म्यादभित्र नदिएको उजूरीपत्रमा कुनै कारवाइ हुनेछैन ।

तर उजूरीपत्र खारेज हुन अगावै तत्काल पुऱ्याउनुपर्ने रीत पुऱ्याउन सकिने अवस्था भए सो रीत पुऱ्याउने मौका दिनुपर्दछ ।

३२. ट्राइबुनल गठन हुनु अगाडि उजूरीपत्रहरू फिर्ता लिनेः– (१) उजूरवालाले आफ्नो उजूरीपत्र फिर्ता लिन चाहेमा सो उजूरीपत्र उपर कारवाइ गर्ने ट्राइबुनल गठन नहुँदै फिर्ता लिन सक्नेछ ।

(२) ट्राइबुनल गठन भैसकेपछि उजूरीपत्र फिर्ता लिनुपरेमा ट्राइबुनलमा दरखास्त दिई ट्राइबुनलको इजाजत लिएर मात्र फिर्ता लिन सक्नेछ ।

३३. ट्राइबुनलको गठनः– (१) यस ऐन बमोजिम पर्न आएका उजूरीपत्रको जांचबुझ गरी निर्णय गर्नको निमित्त श्री ५ को सरकारले आवश्यकतानुसार एक वा तीनजनाको ट्राइबुनल गठन गर्नेछ ।

(२) कुनै उजूरीपत्र जांच भैरहेको समयमा ट्राइबुनलको कुनै सदस्य कुनै कारणले आफ्नो काम गर्न नसक्ने भएमा श्री ५ को सरकारले उप–दफा (१) बमोजिम अर्को सदस्य मनोनीत गर्नेछ ।

३४. ट्राइबुनलको कार्यविधिः– यो ऐनको अधीनमा रही निर्वाचन विषयमा उजूरीपत्रहरू किनारा लगाउंदा ट्राइबुनलले अदालतलाई भए सरहको अधिकारहरू प्रयोग गर्न पाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर–

(क) ट्राइबुनलमा परेको झगडामा झगडिया झिकाउंदा बाटोको म्याद बाहेक १५ दिनसम्म र साक्षी झिकाउंदा बाटोको म्याद बाहेक ७ दिनसम्मको हुनेछ।

(ख) त्यस्तो ट्राइबुनलमा परेको मुद्दामा आवश्यक कारण परी अर्जी गर्नुपरेमा १५ दिनसम्मको र तोकिएको म्याद तारेख गुज्री थमाउन परेमा थमाउन-लाई गुज्रेको मितिले १५ दिनभित्र थमाइसक्नुपर्दछ।

३५. मतदानको गोप्यता भंग गर्न नहुने:–कुनै पनि साक्षी वा अरू व्यक्तिलाई निर्वाचनमा निजले कसलाई मत दिएको हो भनी सोध्नु हुंदैन र निजले पनि भन्नु हुंदैन।

३६. विशेष सुविधा:–ट्राइबुनलले सोधेको वा ट्राइबुनलको कार्यवाहीमा सोधिएको प्रश्नमा कुनै साक्षीले दिएको उत्तरलाई निजको विरुद्ध कुनै फौज्दारी वा देवानी मुद्दामा प्रमाणको रूपमा पेश गर्न पाइने छैन।

३७. ट्राइबुनलबाट उजूरीपत्र फिर्ता लिने:–(१) ट्राइबुनलबाट उजूरीपत्र फिर्ता लिनुपरेमा ट्राइबुनलमा दरखास्तपत्र पेश गर्नुपर्नेछ। एकभन्दा बढी उजूरवाला भएमा निजहरूको मञ्जूरीविना उजूरीपत्र फिर्ता लिन दरखास्त पेश गर्न सकिने छैन।

(२) ट्राइबुनलको रायमा कुनै उजूरवालाले कुनै अनुचित किसिमको लाभको लागि उजूरीपत्र फिर्ता लिन दरखास्तपत्र दिएको रहेछ भन्ने लागेमा सो उजूरीपत्र फिर्ता लिने इजाजत दिइने छैन।

(३) उजूरीपत्र फिर्ता लिने इजाजत दिएमा ट्राइबुनलले मनासिब ठहराएजति विपक्षीहरूलाई हुन गएको खर्च वा त्यसको केही अंश निजहरूलाई दिने गरी उजूरवाला-लाई आदेश दिन सक्नेछ।

३८. उजूरवालाले धरौटी राख्ने:–कुनै पनि उजूरवालाले ने.रू. ३००।– तीनसय धरौट नराखी उजूरीपत्र दिन पाउने छैन।

३९. उजूरवाला वा विपक्षीको मृत्यु भएमा गर्ने:–उजूरवाला वा विपक्षीको मृत्यु भएमा उजूरीपत्र खारेज गर्न सकिनेछ।

४०. ट्राइबुनलको निर्णय:–कुनै उजूरीपत्रको जांचबुझ समाप्त भएपछि सो ट्राइबुनलले फैसला गरी देहाय बमोजिमको आदेश दिनेछ:–

(क) उजूरीपत्र डिसमिस गरी, वा

(ख) निर्वाचित उम्मेदवारको निर्वाचन गैरकानूनी तरीकाले भयो भनी सो निर्वाचन रद्द गरी, वा

(ग) निर्वाचित उम्मेदवारको निर्वाचन गैरकानूनी तरीकाले भयो र उजूर-वाला वा अरू कुनै उम्मेदवार उचित तवरले निर्वाचित भएको हो भनी।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४१. निर्वाचन गैरकानूनी हुने अवस्था:–कुनै निर्वाचनमा देहायको कुनै कुरा भएको ट्राइबुनलले ठहराएमा सो निर्वाचन गैरकानूनी हुनेछः–

(क) निर्वाचनमा भ्रष्टाचार हुन गई वा अनुचित प्रभाव पर्न गई सो निर्वाचन स्वतन्त्र भएन भनी,

(ख) कुनै जाति वा वर्गमाथि कुनै जाति वा वर्गले कुनै तरीकाबाट मत दिन वा नदिन करकाप गरेको वा डर धाक देखाएको वा धम्की दिएकोले सो निर्वाचन स्वतन्त्र भएन भनी,

(ग) सदर गर्न नहुने कुनै दरखास्तपत्र सदर गरी वा बदर गर्नुपर्ने बदर नगरी सो निर्वाचनको नतीजा वास्तवमा फरक पर्‍यो भनी ।

४२. ट्राइबुनलको आदेशः–ट्राइबुनलको उजूरीपत्र वा जांचबुझको खर्चको अंक तोकी सो कसले कसलाई तिर्ने हो भनी ठेगान गरी सो बमोजिम तिर्ने आदेश सम्बन्धित व्यक्तिलाई दिनेछ । सो आदेश कुनै व्यक्तिले पालन नगरेमा सो रकम सरकारी बांकी सरह असूल उपर गरिनेछ ।

## परिच्छेद--६

## विविध

४३. सहयोग दिनेः–निर्वाचनको लागि कर्मचारीको आवश्यकता पर्न आएमा निर्वाचन अफिसरले सरकारी अड्डालाई अनुरोध गर्नुपर्दछ र त्यस्तो माग भै आएमा आवश्यकतानुसारको सरकारी कर्मचारी खटाई मद्दत गर्नु स्थानीय सबै सरकारी अड्डाखानाका प्रमुखहरूको कर्तव्य हुनेछ ।

४४. दण्ड जरिवानाः–(१) निम्नलिखित कुनै कुरा भएमा निर्वाचन अफिसरको तजवीजले बढीमा ने.रू. १००।– एकसय रुपैयांसम्म जरिवाना हुनेछः–

(क) ऐन बमोजिम उम्मेदवार हुन अयोग्य भएका व्यक्तिले कुनै कुरा जानी जानी छिपाई वा छिपाउन खोजेको कुनै रूपबाट देखिन आएमा,

(ख) कुनै मतदाताको नामको फिहरिस्त वा अरू कुनै कागजमा लेखिएको कुनै वा सबै व्यहोरा अदल बदल गरेमा,

(ग) यस ऐन बमोजिम प्रकाशित सूचना च्याते, बिगारे वा उपकाएमा,

(घ) निर्वाचनको कामको निमित्त कुनै काम नगर्नु भनी निर्वाचन अफिसर, पोलिङ्ग अफिसर वा खटिएको अफिसरले सूचना गरेकोमा त्यसको अवहेलना गरेमा,

(ङ) निर्वाचनमा बाधा दिएमा वा निर्वाचनमा खटिएका कर्मचारीलाई आफ्नो कर्तव्य पालनमा बाधा पर्ने कुनै काम गरेमा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) निम्नलिखित कुनै काम कुरा गरेमा ट्राइबुनलले बढीमा ने.रू. १००।– एकसय रुपैयांसम्म जरिवाना गर्नेछः–

(क) निर्वाचनमा खटिएका कर्मचारीले सो सम्बन्धी गोपनीयता अधिकृत व्यक्तिलाई बाहेक अरूलाई थाहा दिएमा,

(ख) प्रत्यक्ष वा अप्रत्यक्ष तवरबाट कुनै मतदातालाई हानि नोक्सानी गर्ने वा प्रलोभन दिई वा कर बलले कुनै उम्मेदवारको पक्षमा मत दिन लगाएमा वा कुनै उम्मेदवारको पक्षमा मत दिनबाट रोक्का गरेमा वा त्यस किसिमको काम गर्न उद्योग गरेमा,

(ग) यस ऐनले निषेध गरेको अन्य कुनै काम कुरा गरेमा।

५. अपीलः–(१) निर्वाचन अफिसरले वा ट्राइबुनलले दिएको आदेश वा फैसला उपर चित्त नबुझ्नेले सो आदेश वा फैसला भएको मितिले बाटोको म्याद बाहेक तीस दिनभित्र श्री ५ को सरकारबाट तोकेको सर्वोच्च अदालतको कुनै न्यायाधीश छेउ अपील दिन सक्ने छ।

(२) उप–दफा (१) बमोजिम म्यादभित्र अपील नपरेमा अपील लाग्ने म्याद भुक्तान भएपछि निर्वाचन अफिसर वा ट्राइबुनलको फैसला वा आदेश र अपील परी किनारा भएमा सो न्यायाधीशबाट भएको फैसला वा आदेश अन्तिम हुनेछ।

(३) उप–दफा (१) बमोजिम ट्राइबुनलको फैसला वा आदेश उपर अपील गर्न चाहने व्यक्तिले ने.रू. १००।– एकसय सो अपीलसाथ धरौट दाखिल गर्नुपर्छ।

६. ट्राइबुनलबाहेक अरू अदालतले हेर्न नहुनेः–यस ऐनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक निर्वाचन सम्बन्धमा उठेको झगडा हेर्ने र निर्वाचन सम्बन्धी अन्य काम कुराको निर्णय गर्ने अधिकार ट्राइबुनललाई मात्र हुनेछ।

७. बाधा अड्काउ फुकाउने श्री ५ को सरकारको अधिकारः–यो ऐनको उद्देश्य कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा सो बाधा अड्काउ हटाउनको लागि श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी चाहिंदो आदेश निकाल्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ।

इति सम्वत् २०१६ साल गते रोज शुभम्––––––––––

लालमोहर सदर मितिः– २०१६।१०।२२।२

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सह–सचिव,
कानून तथा न्याय मन्त्रालय।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।